# JEEVAN VIGYAN

•HAPPINESS •PEACE •PROSPERITY

**Second Headquarters, USA**

**2020**

**प्रेस विज्ञप्ति**

यही नोभेम्बर २८ मा जीवन विज्ञान, दोस्रो केन्द्रीय कार्यालय अमेरिकाको समुद्घाटन समारोहको समुद्घाटन गर्नुभई यसलाई ऐतिहासिक बनाउन समुपस्थित हुनुभएका श्रद्धेय सद्गुरुवरद्वय रमेश नेपालज्यू तथा एल पि भानु शर्माज्यू एवं श्रद्धेय गुरुमा तथा गुरु मातेश्वरी जननीप्रति हामी हार्दिक अहोभाव प्रकट गर्दछौं । जीवन विज्ञान प्रतिष्ठानले यस कार्यका लागि गरेको हरतहको सहयोगका लागि जीवन विज्ञान केन्द्रीय कार्यालय कार्यसमिति, परिषद र सल्लाहकार समितिका सबैमा हामी सादर आभार व्यक्त गर्दछौं ।

जीवन योग प्रयोगशालाका रुपमा अमेरिकामा जीवन विज्ञानको वीजारोपण गरी हामीलाई उर्जा दिँदै जीवन विज्ञानलाई अमेरिकामा स्थापित गराउन निरन्तर सहयोग गर्नुभएकामा जीवन विज्ञानका शिक्षक आदरणीय निर्मला केसीज्यू तथा गीता मैनालीज्यू साथै प्रशिक्षक माला महतज्यूप्रति हामी धेरैधेरै आभार र प्रेमभाव प्रकट गर्दछौं ।

व्यक्तिगत रुपमा सञ्चालित जुम धार्मिक अनुष्ठानमा जीवन विज्ञानबारे प्रचारप्रसार गरिरहने कार्यसमिति सदस्य परशुराम भण्डारीज्यू, अगस्ट १ देखि जीवन विज्ञानलाई अमेरिकामा संस्थागत सहकार्य गरी सहयोग गर्ने नेपाली अमेरिकन सामुदायिक केन्द्रको कार्यसमिति, बिओटी समिति तथा सामुदायिक कल्याण कार्यक्रम सञ्चालन समितिप्रति पनि हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

यस ऐतिहासिक समुद्घाटन समारोहको तयारी तथा समारोहको समाचार सम्प्रेषण गरी सहयोग गर्नुहुने इनेपलिज, डी सी नेपाल, बिआरटी नेपाल, आजको खबर, ग्लोबल नेपाल टि भी, खुलामञ्च डटकम, नेपाली डायस्पोरा तथा द वर्ड नेपाल न्युजलगायतका सबै सञ्चारजगतका पत्रकारजनप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं । जीवन विज्ञानको व्यावहारिक र मानवबोधको दर्शनलाई आफूमा समाहित गर्न नेपाली समुदायलाई उर्जा दिई कार्यक्रममा समाहित गराउने ग्लोबल भुटानिज हिन्दु अर्गनाइजेसन तथा विशेष गरी अध्यक्ष कमल धिमालज्यू अनि क्यालिफोर्नियामा स्वसंवादको संयोजन गर्नुहुने विनायक शर्माज्यूप्रति पनि जीवन विज्ञान दोस्रो केन्द्रीय कार्यालय परिवार हार्दिक आभार व्यक्त गर्दछौं ।

शिव लामिछाने
अध्यक्ष

15000 Gossom Manor Pl, Haymarket Virginia, 20169 Email-jeevanvigyan.us@gmail.com Website:www.jeevanvigyan.org